# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ५ मरिण, चैत्र २२ गते, २०७९ साल संख्या ३२

## भाग २

## मरिण गाउँपालिकाको कृषकहरुका लागि कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७९(पहिलो संशोधन)

१. **प्रस्तावनाः** मरिण गाउँपालिका कृषि तथा पशुपंक्षीपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो। यहाँका अधिकांश मानिसहरुले मुख्य पेशाका रुपमा कृषि तथा पशुपंक्षी पालनलाई अँगालेका छन्।यस पालिकाका कृषकहरुलाई व्यावसायिक र प्रतिस्पर्धी बनाई उनीहरुको आयआर्जन वृद्धि गरी स्वावलम्बी बनाउने एवं आफ्नो स्वीकृत वार्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा संञ्चालन गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मरिण गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले मरिण गाउँपालिकालाई सम्झनुपर्दछ।

(ख) "अध्यक्ष" भन्नाले मरिण गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले मरिण गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मरिण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ङ) "वडा" भन्नाले मरिण गाउँपालिकाका सबै वडालाई सम्झनुपर्दछ।

(च) "सहकारी" भन्नाले मरिण गाउँपालिका भित्र नियमानुसार दर्ता भएका कृषि सहकारीलाई सम्झनुपर्दछ।

(छ) "लाभग्राही" भन्नाले दफा ५ बमोजिम योग्यता पुगेका आवद्ध कृषकलाई सम्झनु पर्दछ।

(ज) समिति भन्नाले दफा ७.१ बमोजिम गठित प्रोत्साहन अनुदान व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(झ) "उत्पादन" भन्नाले स्थानीय स्तरमा उत्पादन हुने तरकारी, तरकारी बीउ, फलफूल बाली, मसला बाली, दलहन तथा तेलहन बाली, च्याउ, मौरीपालन, दुधजन्य गाईभैंसी र मासुजन्य बाख्रा, खसी, बंगुर, राँगो, खरायो, कुखुरा र माछा साथै अण्डा उत्पादनलाई सम्झनु पर्दछ।

(ञ) "अन्य उत्पादन" भन्नाले तोकिए भन्दा बाहेकका कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई सम्झनु पर्दछ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिमको रहनेछ।

(क) कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादनमा आबद्ध कृषकहरुको उत्पादनलाई अनुदान प्रदान गरी उनीहरुको मनोबल उच्च तुल्याउनका साथै निजहरुको लगानीबाट मुनाफाको सुनिश्चितता प्रदान गर्ने।

(ख) साना कृषकहरुलाई सहकारीमा आबद्ध गराई उत्पादित कृषि उपज तथा पशुपंक्षीजन्य वस्तुलाई संगठित बजारमा बिक्री गर्ने।

(ग) कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादनको गुणस्तर कायम गरी उत्पादन गर्ने क्षेत्रलाई प्रतिस्पर्धात्मक, प्रतिष्ठित एवम् दिगो बनाउन प्रोत्साहित गर्ने।

**४. अनुदान उपलब्ध गराउन सक्ने कृषि वस्तुहरुः**

(क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधी भित्र रही कृषिजन्य उत्पादन अन्तर्गत व्यावसायिक रुपमा उत्पादन गरिएको तरकारी बाली, तरकारी बीउ उत्पादन, फलफूल बाली, मसला बाली, दलहन तथा तेलहन बाली, च्याउ खेति र मौरीपालन लगायतका

अन्य कृषिजन्य उत्पादन तथा पशुपंक्षीजन्य उत्पादन अन्तर्गत दुध, माछामासु एंव अण्डा लगायतका अन्य पशुपंक्षीजन्य उत्पादनमा अनुदान उपलब्ध गराउनेछ।

**५. अनुदान उपलब्ध गराउने विधिः**

(क) अनुदान प्राप्त गर्न चाहने कृषक यसै गाउँपालिका भित्र दर्ता भएको कृषि फर्म/समूह/सहकारीमा आबद्ध हुनुपर्नेछ।

(ख) उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुने कृषकले सम्पूर्ण विवरण यस गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखामा यस कार्यविधिको अनुसुची १ बमोजिमको ढाँचामा तोकिएको समयाअवधि भित्र निवेदन पेश गर्नु पर्नेछ। कृषि सहकारी संस्था वा समूहमा आबद्ध भइ अनुदान प्राप्त गर्ने भए सम्बन्धित कृषकले आफू आबद्ध समूह/सहकारी मार्फत गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखामा सोहि ढाँचामा विवरण पेश गर्नु पर्नेछ।

(ग) निवेदनको साथमा समूह/सहकारीले किसानको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, बार्षिक नवीकरण र बार्षिक उत्पादन सहितको प्रस्ताव यस गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखामा यस कार्यविधिको अनुसुची २ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(घ) उत्पादनमा आधारित अनुदानमा सहभागी हुन कार्य योजना तयार गरी सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखामा पेश गरेको हुनु पर्नेछ।

(ङ) कृषि फर्म/समूह/सहकारीले कृषि तथा पशुपंक्षीजन्य वस्तुको बिक्री तथा वितरण गरेको अभिलेख स्पष्टसँग राखेको हुनुपर्नेछ।

(च) गाउँपालिकाले समय समयमा फर्म/समूह/सहकारीको अनुगमन र निरीक्षण गर्नेछ र झुठो विवरण राख्ने र पेश गर्ने फर्म/समूह/सहकारीको दर्ता खारेजी गरी त्यस्ता फर्म/समूह/सहकारीलाई अनुदान वितरण गरिनेछैन।

(छ) अनुदान उपलब्ध गराउँदा फर्म/समूह/सहकारीले पेश गरेको प्रमाणित अभिलेखको आधारमा गाउँपालिकाले सम्बन्धित लाभग्राही कृषकको खातामा अनुदान रकम भुक्तानी गर्नेछ।

**६. उपलब्ध गराउने अनुदान रकमः**

**<u>कृषिजन्य उत्पादनः</u>**

(क) तरकारी, तरकारी बीउ, मसलाबाली र फलफूलको हकमा बढिमा प्रति केजी रु. ५ का दरले प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइनेछ।

(ख) धनिया/सागको हकमा बढिमा रु. ५ (**१०० रुपैयाँ विक्रीमा**)को दरले प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइनेछ।

(ग) फलफूल उत्पादन नभएको हकमा फलफूल विरुवा प्रति बोट प्रति बर्ष बढिमा रु. ५० का दरले प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइनेछ।

(घ) महको हकमा प्रति केजी बढिमा रु. ५० का दरले प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइनेछ।

(ङ) अन्य कृषिजन्य उत्पादनको हकमा अनुदान कार्यक्रम संचालन समितिको सिफारिस बमोजिम अनुदान उपलब्ध गराईनेछ।

**<u>पशुपंक्षीजन्य उत्पादनः</u>**

**(क) <u>गाईभैंसीको दुधमा प्रति लिटर बढीमा रु. ५, माछामासुमा प्रति के.जी. रु. ५ र अण्डामा प्रति गोटा रु. १ का दरले प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइनेछ।</u>**[१]

(ख) अन्य पशुपंक्षीजन्य उत्पादनको हकमा अनुदान कार्यक्रम संचालन समितिको सिफारिस बमोजिम अनुदान उपलब्ध गराईनेछ।

**७. उत्पादन तथा विक्रीमा आधारित अनुदान व्यवस्थापन समितिको व्यवस्था, काम/कर्तव्य र अधिकारः**

**७.१. समितिको व्यवस्थाः** अनुदान कार्यक्रम संचालन गर्न देहाय बमोजिमको गाउँपालिका स्तरीय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्षः | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्षः | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| (घ) कृषि समितिका संयोजकः | सदस्य |

[१] पहिलो संशोधनबाट संशोधन गरिएको।

(ङ) पशुपंक्षी विकास शाखा प्रमुखः सदस्य

(च) आर्थिक/सहकारी शाखा प्रमुखः सदस्य

(छ) कृषि विकास शाखा प्रमुखः सदस्य-सचिव

यस बाहेक समितिले आवश्यकताको आधारमा सम्बन्धित विषय विज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

**७.२. समितिको काम/कर्तव्य र अधिकारः** उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न बनेको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले प्रस्ताव मूल्याङ्कन गर्ने, प्रस्ताव उपर छलफल गरी औचित्यको आधारमा अनुदानग्राही छनौट गर्ने, अनुदानको लागि सिफारिस गर्ने, मूल्याङ्कन र अनुगमन गर्ने, कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्थापकीय काम एवम् समन्वय र सहजीकरण गर्ने, आवश्यक परे छुट्टै मूल्याङ्कन कार्यदल गठन गरी स्थलगत प्रमाणीकरण गराउन सक्नेछ।

**७.३. सूचना आह्वान सम्बन्धी व्यवस्थाः** बार्षिक नीति तथा कार्यक्रममा उल्लेखित बजेटलाई कार्यान्वयन गर्न कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको बैठकको निर्णयानुसार सम्बन्धित शाखाबाट तोकिएको ढाँचामा निवेदनका लागि १५ (पन्ध्र) दिने सूचना गरिनेछ।

८. **अनुदान रकम निकासाः** उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाट चौमासिक, अर्धवार्षिक वा बार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ।

९. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

१०. **परिमार्जन तथा संशोधनः** कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

## अनुसूची १

दफा ५ को खण्ड (क) सँग सम्बन्धित

मरिण गाउँपालिका

मितिः............

**विषयः उत्पादन तथा विक्रीमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन पाउँ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
मरिण गाउँपालिका, सिन्धुली।

प्रस्तुत विषयमा उत्पादन तथा बिक्रीमा आधारित अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिलमा उल्लेखित अनुसारको विवरण सहितको कागजात संलग्न गरी निवेदन पेश गरेको छु।

तपसिलः

| क.सं. | बाली/वस्तुको नाम | उत्पादन क्षेत्रफल/संख्या | उत्पादित परिमाण | बिक्री दर (रु.) | जम्मा बिक्री रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१. आफूले संचालन गर्न चाहेको उत्पादनको लागत र बिक्री विवरण।
२. दर्ता प्रमाणपत्रको फोटोकपी एक प्रति।
३. कर चुक्ता प्रमाणपत्रको फोटोकपी एक प्रति।
४. संस्थाको हकमा गत वर्षको लेखापरीक्षणको प्रतिवेदन
५. सम्बन्धित वडा कार्यालयको सिफारिस

**निवेदक**

नाम थरः...........................
ठेगानाः...........................
मोबाइल नं...........................
हस्ताक्षरः..........................



मरिण गाउँपालिका

## अनुसूची २
## दफा ५ को खण्ड (ख) सँग सम्बन्धित
## मरिण गाउँपालिका

१. परिचयात्मक विवरण

उद्यमी/संस्थाको नामः

ठेगानाः

फोन नं

दर्ता भएको नम्बर र मितिः

उत्पादनको किसिमः

क्षेत्रफलः

उत्पादन हुने वस्तुको विवरणः

लगानी भएको पूँजीः

व्यावसायिक योजना उत्पादनमाः

| क्र.सं. | चौमासिक | उत्पादित बाली/वस्तु | परिमाण | बिक्री रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत



मरिण गाउँपालिका